REGIONAL NEWS

ALL INDIA RADIO GANGTOK

NEPALI NEWS

18:40 hrs 21.04.2025

---

## Civil Servants

प्रधानमन्त्री नरेन्द्र मोदीले भन्नुभएको छ- पछिल्ला दस वर्षमा भारतले वृध्दियुक्त परिवर्तनदेखि अघि बढ़ेर प्रभावशाली परिवर्तन देखेको छ किनभने सरकारले देशमा समग्र विकास सुनिश्चित गरिरहेछ ।

उहाँले भन्नुभएको छ समग्र विकासको अर्थ हो प्रत्येक घरलाई स्वच्छ स्वच्छ पानी, प्रत्येक नानीलाई गुणवक्तापूर्ण शिक्षा, प्रत्येक उद्यमीलाई वित्तीय पहुँच र प्रत्येक गाउँलाई डिजिटल अर्थव्यवस्थाको लाभ ।

श्री मोदी आज नयाँ दिल्लीमा सत्रौं सिविल सेवा दिवसको अवसरमा सिविल सेवकहरूलाई सम्बोधन गर्दैहुनुहुन्थ्यो ।

प्रधानमन्त्रीले भन्नुभयो भारतले प्रशासन, पारदर्शिता र नवाचारमा मानक स्थापित गरिरहेछ ।

आकांक्षी जिल्ला कार्यक्रमबारे श्री मोदीले भन्नुभयो यस पहलको माध्यमद्वारा देशका विभिन्न भागमा स्वास्थ्य सामाजिक बिकास र बुनियादी ढाँचाका प्रमुख संकेतहरूमा अभूतपूर्व परिवर्तन देखिँदैछ ।

यस अवसरमा उहाँले सिविल सेवकहरूलाई जिल्लाको समग्र बिकास, आकांक्षी ब्लक कार्यक्रम र नवाचारको श्रेणीमा लोक प्रशासनमा उत्कृष्टताका लागि प्रधानमन्त्री पुरस्कार प्रदान गर्नुभयो ।

उहाँले दुईवटा ई बुक पनि जारी गर्नुभयो लोक सेवा दिवस सरदार बल्लभ भाई पटेलले उन्नाइस सय सैंतालिस सालमा प्रशासनिक सेवा अधिकारीहरूका परीविक्षार्थिहरूलाई सम्वोधन गर्नुभएको दिनको अवसरमा मनाइन्छ ।

---

## Parliamentary Committee

अधीनस्य विधानमाथि संसदीय सथायी समितिको अध्ययन भ्रमण अन्तर्गत आज गान्तोकमा विद्युत (उपभोक्ता अधिकार) संशोधन नियम 2029 का महत्वपूर्ण प्रावधानहरू विशेष गरी सौर प्यानल नियमहरूबारे चर्चा गर्न उच्च स्तरीय बैठक बस्यो।

समितिका अध्यक्ष तथा राज्यसभा सांसद मिलिन्द मुरली देउराले अध्यक्षता गर्नुभएको बैठकमा विद्युत मन्त्रालय नयाँ तथा नवीकृत ऊर्जा मन्त्रालय, रास्ट्रिय पन बिजुली निगम NHPC, रास्ट्रिय ताप बिजुली निगम NTPC, पावर ग्रीड कार्पोरेशन, पूर्वोत्तर विद्युत निगम र दामोदर घाटी निगमका प्रतिनिधिहरूद्वारा बिजुलीका उपभोक्ताहरूलाई सशक्त बनाउने सेवा दिनमा पारदर्शिता अनि दुवै शहरी र ग्रामीण क्षेत्रमा नवीकृत ऊर्जा विशेष गरी सौर बिजुली अप्नाउने सम्वन्धी हालैका संशोधनहरूबारे प्रकाश पारियो।

पछि समितिले वित्त मन्त्रालयको वित्तीय सेवा विभाग अनि स्टेट ब्याङ्क अफ इण्डिया, UCO ब्याङ्क र इण्डियन ब्याङ्क जस्ता प्रमुख सार्वजनिक क्षेत्र ब्याङ्कका प्रतिनिधिहरूसित बैठक गरयो।

यसमा प्रतिनिधिहरूले आ आफ्ना व्यावासाहिक प्रदर्शन र प्रधानमन्त्री सूर्यधर निशुल्क बिजुली योजनाका पहलबारे अवगत गराए।

---

## SSB DG Visited Geyzing

सशस्त्र सीमा बल एस एस बी का महानिदेशक अमृत मोहन प्रसादले एस एस बी छत्तीसौं बटालियन गेजिङको भ्रमण गर्नुभयो।

आज समाप्त भएको तीन दिवसीय अधिकारिक भ्रमणमा उहाँले अधिकारीहरू, जवान र उनीहरूका परिवरहरूसित भेट गर्नुभयो।

यस अवधिमा आयोजित सैनिक सम्मेलनमा श्री प्रसाद समक्ष एस एस बी का जवानहरूले आफ्ना गुनासो र सुझाउहरू राखे।

सिक्किमको उचाईयुक्त क्षेत्रमा समर्पित भावले सेवा गर्ने जवानहरूको प्रशंसा गर्दै उहाँले शारीरिक र मानसिक स्वास्थ्यको महत्वबारे प्रकाश पार्नुभयो।

श्री प्रसादले गेजिङका प्रमुख स्थलहरूको भ्रमण गरी कमाण्डेन्ट र जिल्ला प्रशासनका अधिकृतहरूसँग अन्तक्रिया गर्नुभयो।

---

## Archery

तेइसौ मुख्यमन्त्री कम्पाउण्ड धनुकाँड़ स्वर्णकप प्रतियोगिता अन्तर्गत पाकिममा आज भएको चौथो क्वाटर फाइनल म्याचमा ताथङ्चेन गोल्डले मेनाम्ला ब्लूलाई परास्त गरयो ।

डार्ट प्रतियोगिता अन्तर्गत पहिलो म्याचमा छ्याम्पो 7 ले Yangla Boys North लाई अनि दोस्रो खेलामा RKA Boys ले Yakten Boys लाई हराए ।

महिलाहरूलाई धनुकाँड़ क्रवेल्नका लागि प्रोत्साहित गर्न भुटानको टीम र पाकिम जिल्ला धनुकाँड़ संघको टीमबीच भोलि प्रदर्शनी म्याच हुनेछ ।

यसै महीना दस तारीकदेखि आरम्भ भएको प्रतियोगिता सत्ताइस अप्रेलका दिन समाप्त हुनेछ ।

---

## Car Rally

राज्यमा मोटरखेल र पर्यटनको प्रवर्ध्दनका लागि टाइम स्पीड डिस्टेन्स टि एस डि कार ऱ्याली गान्तोकमा भोलिदेखि शुरू हुनेछ ।

एउटा समाचार प्रकाशन गृह र गैर सरकारी संगठनको सहयोगमा सूचना तथा जनसम्पर्क विभागले यसको आयोजना गरिरहेछ ।

यस अवसरमा मुख्यमन्त्री प्रेमसिंह तामाङ पनि उपस्थित रहनुहुनेछ ।

ऱ्यालीको अधिकारिक शुभारम्भ गान्तोकको Ridge पार्कबाट आउँदो बुधबार हुनेछ ।

चार दिने लामो ऱ्यालीमा राज्यका छ वटै जिल्ला समावेश हुनेछन् ।

तेइस अप्रेलका दिन रिज पार्कदेखि लाचुङ चौबिस तारीक लाचुङ हेलिप्याडदेखि राभङ्ला पच्चीस तारीक राभङ्ला हेलिप्याडदेखि योक्सम र देन्ताम हुँदै जौटार सोरेङसम्म र त्यस्पथि छब्बीस अप्रेलमा सोरेङदेखि नाम्ची र पाकिम हुँदै गान्तोकमा सम्पन्न हुनेछ ।

गान्तोकको एम जी मार्गमा आयोजित हुने समापन समारोहमा पुरस्कार वितरण गरिनेछ ।

---

## Weather

राज्यमा अहिले समय समयमा पानी परेकाले तापमानमा केही कमी देखिएको छ।

स्थानीय मौसम विज्ञान विभागले पूर्वानुमान गरे अनुसार गान्तोक र वरपर क्षेत्रमा भोलि अधिकतम तापमान बाइस डिग्री सेल्सियम र न्यूनतम तापमान चौध डिग्री सेल्सियस रहनेछ।

यसका साथै हलुका वर्षा हुने बताइएको छ।

विभागको भनाइमा बितेका चौविस घण्टामा अधिकतम तापमान एक्काइस दशमलउ पाँच डिग्री सेल्सियस र न्यूनतम तापमान सोह्र दशमलउ दुई डिग्री सेल्सियस रेकार्ड गरियो।

---

## North Sikkim Road

उत्तर सिक्किममा मुसलधारे पानीको कारणले मंगन चुङ्थाङ मार्ग अहिले टूङ नजीकै रेली खोलामा बन्द छ।

चुङ्थाङ र लाचेन लाचुङ तर्फ जाने वाहनहरू जंगुबाट ओहोर दोहोर गरिरहेछन्।

सड़कको मरम्मत गर्ने काम भइरहेछ।

---